# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर

प.सं.-२०८२/०८३
च.नं.९८६

कोशी प्रदेश, नेपाल

### सामाजिक परिचालक पदमा सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना ।
(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२७)

बेलका नगरपालिकामा सञ्चालित "गरिबसँग विश्वेश्वर कार्यक्रम" अन्तर्गत रिक्त रहेको सामाजिक परिचालक पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्तिका लागि तपशील बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व दाखिला गरेको रसिद सहित बेलका नगरपालिकामा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशीलः**

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | ०१-२०८२/०८३ | सामाजिक परिचालक (गरिबसँग विश्वेश्वर कार्यक्रम) | १ (एक) |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः
   क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सी वा एस.ई.ई. वा सो सरह उत्तिर्ण गरेको,
   ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाँघेको (महिलाको हकमा ४० वर्ष ननाँघेको)

२. दरखास्त दिने स्थानः बेलका नगरपालिकाको कार्यालय, रामपुर, उदयपुर ।

३. दरखास्त दिने अन्तिम मितिः २०८२/०५/१० (दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक बिदा परेमा अर्को दिनसम्म)

४. आवेदन दस्तुरः रु ३००।– (तीन सय रुपैयाँ मात्र)

५. छनौटको किसिमः लिखित परीक्षा तथा अन्तरवार्ता

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिम कागजातको प्रतिलिपिः
   क) नेपाली नागरिकताको प्रमाणपत्र,
   ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र,
   ग) चारित्रिक प्रमाणपत्र,
   घ) अनुभव भए सोको प्रमाणपत्र,
   ङ) पासपोर्ट साइजको फोटो २ प्रति

७. सेवा सुविधाः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिबी निवारण कार्यक्रम समन्वय शाखाको च.नं. ५, मिति २०८२/०४/१२ को पत्रको बुँदा नं. (ख) बमोजिम मासिक रु १५,०००।–, चाडपर्व खर्च बापत एक महिना बराबरको तलब र वार्षिक एकपटक पोशाक भत्ता बापत रु १०,०००।–

८. कार्यक्रम सम्बन्धी अन्य व्यवस्था गरिवसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (तेस्रो संशोधन), २०६६ बमोजिम हुनेछ ।

रवि किरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत